Symbol No



# SEE 2082 (2026)
## अनिवार्य नेपाली

समय : ३ घण्टा | पूर्णाङ्क : ७५

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| निसाफ | त्रुटि हटाउने काम |
| टालो | पानीको थोपा |
| परिष्करण | खराब नतिजा |
| सङ्कल्प | अदालती निर्णय |
| | कपडाको सानो टुक्रा |
| | दृढ निश्चय |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

जीवन अनन्त गतिमा बढोस् भन्ने सबैको चाहना हुन्छ तर परिस्थितिले गर्दा त्यो सब पूरा गर्न सकिँदैन । मनमा दृढ विश्वास बोकेर उच्च मनोबल राख्नु नै जीवनको अर्थ बुझ्नु हो ।

(क) 'अभिरुचि' को पर्यायवाची शब्द............हो ।

(ख) 'मरण' को विपरीतार्थक शब्द............हो ।

(ग) अनेकार्थी शब्द ............. हो ।

(घ) 'कहिल्यै अन्त नहुने' पदावलीको सिङ्गो शब्द............हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

समयमै काम पूरा गर भन्दा कानमा तेल हालेर बस्यौ । त्यो वेला भनेको कुरा फटाफट गरिदिएको भए आज यसरी हावा खानु पर्दैनथ्यो । अहिले झलझली सम्झेर पछुतो मान्नु बेकार छ ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

| | | | | |
|---|---|---|---|---|
| (अ) | संशोधन | शंशोधन | शंसोधन | संसोधन |
| (आ) | बिरुबा | विरुवा | विरुबा | बिरुवा |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** २

जमानसिंहले भन्यो, किन गाउँ छाडेको कान्छा सारा खेति धान्नूपर्ने ग्यानी छोरो परदेश पो आएछ ।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

त्यो केटो एक्कासि भुइँमा लड्यो अनि तुरुन्त कोही आएर उठायो । सामान्य उपचार गरेपछि उसलाई घर लगियो ।

क्रमश:



**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२= ४

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

नेपाली भाइले असम्भव कामलाई जहिले पनि सम्भव हुन्छ भन्थे । उनको विचार जाँगरिलो बनी काम गरे प्रगति गर्न कठिन छैन भन्ने थियो । ग्रामीण परिवेशमा हुर्किएका उनी साह्रै मिहिनेती थिए ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

ठुली आमा माइत जान तम्तयार भएपछि पीताम्बर काकाले बाटालाई खर्च भनेर पैसासैसा दिनुभयो । ससाना भाइ र बहिनी पनि पछि पछि लागेर मामाघर गए ।

**७. दिइएका वाक्यलाई अभ्यस्त पक्षमा परिवर्तन गर्नुहोस् :** २

आयुष र लाक्पा मिहिनेत गर्छन् । उनीहरू सहरको विद्यालयमा पढ्छन् । उनीहरू आफ्नो गाउँको उन्नति हेर्न चाहन्छन् । उनीहरू सबैलाई आफ्नो गाउँ फर्कनुपर्छ भन्छन् ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** २

(क) सामान्यार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफूले गर्ने कुनै कामका बारेमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएका प्रथम पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

म नेपाली नागरिक हुँ । म आफ्नो देशलाई माया गर्छु । म नेपाली हुन पाएकामा गौरव गर्छु । म आफ्नो देशको समृद्धिमा लाग्छु ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) बुद्ध नेपालमा जन्मिएका हुन् । बुद्धले अहिंसाको पाठ सिकाए (वाक्य संश्लेषण)

(ख) आफू त बजार गइन्छ । (कर्तृवाच्य)

(ग) भाइबहिनीहरू पाठ पढ्छन् । (प्रेरणार्थक)

(घ) गुरुले मलाई भन्नुभयो, "तिमी हिजो किन आएनौ ।" (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

यस्तै वेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए । कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठुलो ख्याति थियो । मधेसतिर तीनचार मौजा जिमिदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटा छोरी मात्र हुन् भन्ने सुनिन्थ्यो । शशीधर भर्खर १५ वर्ष मात्र लागेको थियो । ठिटो राम्रो र बहुत मेधावी थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । एउटी छोरी मात्र भएका धनी कुटुम्बले घरै आएर छोरी

क्रमश:

दिँदा उनी बडो असमञ्जसमा परे । उता घरकाले पनि बिहा गर्नैपर्छ भनेर करकर गर्न थाले । कामकुरो छिनियो । खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले ।

**प्रश्नहरू**

(क) 'कुटुम्ब धनीमानी थिए ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित 'शशीधरलाई' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'यस्तै वेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'एउटी छोरी मात्र भएका कुटुम्बले घरै आएर छोरी दिँदा उनी असमञ्जसमा परे ।' यस वाक्यलाई मिश्र वाक्यमा बदल्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

पश्चिमाहरू प्रकृतिलाई जड मान्छन् । उनीहरूका लागि प्रकृति एउटा भौतिक उपलब्धि मात्र हो । प्रकृति मान्छेका लागि हो तसर्थ यसको जतिसक्दो उपयोग गर्नुपर्छ भन्ने भौतिकवादी दृष्टिकोण पश्चिमी विचारको चुरो हो । प्रकृति र मानवको अस्तित्व परिपूरक सम्बन्धमा आधारित छ, त्यसैले प्रकृतिलाई चेतन रूपमा मान्नुपर्छ र सन्तुलित उपयोग गर्नुपर्छ भन्ने कुरा पूर्वीय दर्शनको सारतत्त्व हो । अहिले आएर पश्चिमाहरूले प्रकृति संरक्षणको नारा उठाए पनि पश्चिममा यो नारा उठेको धेरै समय भएको छैन । मान्छे आफैं प्रकृति हो त्यसैले भौतिक विकासको चरमचुलीमा पुगेपछि मानवतामा उत्पन्न हुने अतृप्त वितृष्णा र कुण्ठाको उचित निकासका लागि 'प्रकृतितिरै फर्क' को नारालाई यसै सन्दर्भमा हेर्नुपर्छ । प्रकृति भनेको ढुङ्गो, माटो, वृक्ष, वनस्पति र जलस्रोत हो । अब यी सबै कुरालाई प्राकृतिक सम्पदा भन्न थालिएको छ । समकालीन विश्वमा धनी वा गरिब राष्ट्रको निर्णय उसको अधीनमा रहेको प्राकृतिक सम्पदाकै आधारमा हुन थालेको पाइन्छ । प्रकृतिको विराट स्वरूप नै वातावरण हो । वातावरणभित्र वायुमण्डलसमेत समेटिन्छ ।

**प्रश्नहरू**

(क) पश्चिमी विचारको चुरो के हो ?

(ख) प्रकृति र मानवको अस्तित्व केमा आधारित छ ?

(ग) विश्वमा धनी र गरिब राष्ट्रको पहिचान कसरी गरिन्छ ?

(घ) वातावरणलाई किन प्रकृतिको विराट स्वरूप भनिएको हो ?





**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | बालकृष्ण सम |
| जन्म | : | वि.सं. १९५९ माघ २४ गते |
| जन्मस्थान | : | ज्ञानेश्वर, काठमाडौँ |
| मातापिता | : | कृति राज्यलक्ष्मी र समर शमशेर |
| शिक्षा | : | आई.एस्सी. |
| सेवा | : | सैनिक सेवा, रेडियो नेपालका निर्देशक, गोरखापत्रका सम्पादक |
| कृति | : | मुटुको व्यथा, अमरसिंह, भीमसेनको अन्त्य आदि नाटक, चिसो चुल्हो महाकाव्य, आगो र पानी खण्डकाव्य आदि । |
| योगदान | : | आधुनिक नेपाली नाटकका प्रवर्तक, सुखान्त र दुःखान्त नाटकको रचना, पौराणिक र ऐतिहासिक विषयवस्तुमा नाटक रचना |
| पुरस्कार | : | त्रिभुवन पुरस्कार, साझा पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार आदि । |
| मृत्यु | : | वि.सं. २०३८ साउन ६ गते, काठमाडौँ |

**(ख) 'भाग्य ठुलो कि परिश्रम ठुलो' भन्ने वादविवादको विषयमा विपक्षीका मतको खण्डन गर्दै पक्षका तर्फबाट आफ्ना गहकिला तर्क प्रस्तुत गर्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) विद्यालयमा जम्मा हुने फोहोर व्यवस्थापन गरिदिन अनुरोध गर्दै वडा कार्यालयलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) विद्यालयको वार्षिकोत्सव समारोहमा अतिथिलाई आमन्त्रण गर्न दिइने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह र आक्रोशका भाव सल्बलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

अधिकारको क्षेत्र व्यापक छ । यसभित्र बाल अधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि थुप्रै अधिकारका कुरा पर्छन् । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार र बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले अधिकारका बारेमा प्रस्ट उल्लेख गरेकै छ । बालबालिकाले जन्मनासाथ शिक्षा र सुरक्षाका अधिकार पाउनुपर्छ, श्रमिकले न्यूनतम ज्याला र सामाजिक सुरक्षाको अधिकार पाउनुपर्छ । आफ्ना अधिकार प्राप्तिका लागि श्रमिकले गरेको ऐतिहासिक विद्रोहको सम्झनामा संसारभर मे १ तारिखका दिन 'मजदुर दिवस' मनाइन्छ । किसानलाई पनि राज्यबाट बिउबिजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ । अधिकार नै नभएमा मानिसले कर्तव्य पूरा गर्न सक्दैन । त्यसैले अधिकारबिनाको कर्तव्य नुनबिनाको तरकारी जस्तै हो ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कविताांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

के गर्नु चुनावका घोषणापत्रहरू ?
सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्दैन यो यिनीहरूलाई
के पढ्नु अन्तरिक्ष यानका गतिविधिहरू ?
दन्त्य कथाकै सिलसिला जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

**प्रश्नहरू**

(अ) प्रस्तुत कविताांशमा चुनावी घोषणापत्रलाई कुन रूपमा चित्रण गरिएको छ ?

(आ) अन्तरिक्ष यानका बारेमा कविको धारणा के छ ?

**(ख) दिइएको निबन्धांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

यसरी प्राचीन कालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षा आज आधुनिक वैज्ञानिक शिक्षा प्रदान गर्न आतुर छ । त्यसो त मेरो देशले आफ्ना परापूर्व कालदेखि रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग एकैसाथ सहयात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक कृषि शिक्षा दिन मेरो देशको शिक्षामा अझै लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ । मुलुकका उत्पादनलाई विश्व बजारमा पस्कने गरे हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्नु जरुरी छ ।

**प्रश्नहरू**

(अ) देशको शिक्षामा आउनुपर्ने सकारात्मक परिवर्तन के के हुन् ?

(आ) व्यावसायिक शिक्षाले कृषि उत्पादनमा कसरी सहयोग गर्छ ?

**१७. 'कुनै पनि मानिस शत्रु नभएको हुन सक्दैन' भन्ने भनाइका बारेमा शत्रु कथाका आधारमा आफ्ना तर्क लेख्नुहोस् ।** ४

क्रमशः



**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथैं
तराई भन्छ सिँचाइ पाए म सुन भुलाउँथैं ।

(ख) हामी दुबै चाहन्छौं एउटा यस्तो दुनियाँ सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

किन बस्ने यहाँ ? एक गाँस खानका निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौंला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔंला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले विदेशमा यसरी लत्रेर बस्नुपर्छ र ?

**प्रश्न**

(अ) युवाहरूलाई विदेसिनबाट रोक्न 'घरको माया' एकाङ्कीले कस्तो सन्देश दिएको छ ? दिइएको अंशसहित पाठका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ । नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा रचना परिणाम र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् ।

**प्रश्न**

(अ) जीवनीको अंश र मूल पाठका आधारमा नेपाली भाषा साहित्यका क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले पुऱ्याएका योगदानको समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** ७

(क) विद्युतीकरण र विकास

(ख) राष्ट्र निर्माणमा युवाको भूमिका

(ग) मेरो जीवनको लक्ष्य

-✍-